लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

प.सं.:
च.नं. :

मितिः-२०७७/०७/०२

लिखुपिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु

# शुभकामना सन्देश!!

बिजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०७७ को अवसरमा देश विदेश मा रहनुहुने सम्पुर्ण नेपाली दाजु-भाई, दिदी-बहिनी बुबा-आमा हरुमा मेरो परिवार तथा सिङ्गो गाउँपालिका परिवारको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। हाल विश्व महामारीको रुपमा रहेको नोबल कोरोना भाईरस(कोभिड-१९) को संक्रमण बाट आफु र अरुलाई बचाउनको लागि यस राज्यभित्रका संघ, प्रदेश,स्थानिय तिनै तहहरुले अबलम्बन गरेका रोकथाम तथा नियन्त्रणका मापदण्डको पुर्ण पालना गरि आफ्नो र अरुको स्वास्थ्य प्रति सचेत रहदैं सम्भव भएसम्म यथास्थानमा नै रहेर चाडपर्व मनाउनुहुन हार्दिक अनुरोध गर्दछु।विश्व नै संकटमा रहेको यस परिस्थितिमा विदेशमा रहनुहुने नेपालीजनहरुमा समेत तहाँ सरकारले जारी गरेका रोकथाम र नियन्त्रणका मापदण्डको पुर्ण पालना गरी स्वस्थ र सुरक्षित रहि चाडपर्व मनाउनुहुन अनुरोध गर्दछु। यस विषम परिस्थितिमा अहोरात्र आफ्नो कर्तव्यपरायणतामा लाग्नुहुने सम्पुर्ण स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,निजामती कर्मचारी लगायत सम्पुर्णमा उहाँहरुले पुर्याउनुभएको योगदानलाई उच्च कदर गर्दै नेपालीजन साथै विश्वभरका मानव जातिको सु-स्वास्थ्यको कामना गर्दछु। यस विषम परिस्थितिको सामना गर्न सरकारद्वारा जारी गरिएका नियम तथा आचारसंहिता पालना गरि सुरक्षित तवरले चाडपर्व मनाउन समेत यो सन्देश व्यक्त गर्दछु।

डम्बर बहादुर बस्नेत
अध्यक्ष

....................................
अध्यक्ष
डम्बर बहादुर बस्नेत